# विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न

**शनिबार, १४ फाल्गुण, २०७८/Saturday 02-26-22**

काठमाडौँ, १४ फागुन । बहुप्रकोपीय विपद्का हिसाबले उच्च जोखिममा रहेको नेपालमा 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन'का विषयमा फागुन १२ गते देखि सुरु भएको दुई दिने राष्ट्रिय सम्मेलन काठमाडौँमा सम्पन्न भएको छ । सम्मेलनमा विपद् जोखिमको अवस्था, जोखिम न्यूनीकरण, पूर्वतयारी, राहत तथा उद्धारसम्बन्धी भइरहेका योजना तथा कार्यक्रम, नीतिगत व्यवस्था र आगामी दिनमा अपनाउनुपर्ने कार्ययोजनाका विषयमा छलफल भएको विपद्को क्षेत्रमा काम गर्दै आइरहेको संस्था डिपीनेट नेपालका कार्यवाहक अध्यक्ष डा राजु थापाले जानकारी दिनुभयो ।

सम्मेलनमा सरोकारवाला निकायबीच भइरहेका कामकारबाही र अन्तर्राष्ट्रिय अभ्यासका विषयमा समेत अनुभव आदान–प्रदान भएको थियो । अमेरिकी सहयोग नियोग अन्तर्गतको तयार परियोजनाको सहयोगमा डिपीनेट नेपालको समन्वय तथा गृह, सङ्घीय मामिला तथा सामान्य प्रशासन, सहरी विकास, वन मन्त्रालयलगायतका विभिन्न सरकारी निकाय तथा सङ्घसंस्थाको सहकार्यमा सम्मेलन भएको हो ।

सम्मेलनको पहिलो दिन विपद् सुशासन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको स्थानीयकरणसम्बन्धी छलफल भएको थियो । त्यस्तै शुक्रबारको प्राविधिक सत्रमा विपद् जोखिम व्यवस्थापन र बुझाइसम्बन्धी छलफल भएको थियो । शुक्रबारको छलफलमा हिमाली क्षेत्रमा दिगो जोखिमको न्यूनीकरणका लागि अध्ययन र यसको महत्व, भूकम्पीय जोखिम, शव व्यावास्थापापन, विपद जोखिम न्यूनीकरणका लागि रैथाने प्रणाली, नगद स्थानान्तरण र कारोबार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार तथा विपद जोखिम न्यूनीकरणका लागि सुचना प्रणालीको स्थानियकरण जस्ता विषयमा विज्ञहरुले आफ्नो प्रस्तुति तथा धारणा र अनुभव आदान प्रदान गरेका थिए ।

नेपालले महाभूकम्पदेखि विश्वव्यापीरूपमा उल्लेखनीय प्रकोपका घटना देखेको छ । त्यसैले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावमा आधारित बनाएर चुस्त योजना कार्यान्वयन गर्नु जरुरी रहेको सहभागीहरूले औँल्याएका छन् । सम्मेलनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नीति, प्रावधान र अभ्यासबारे ज्ञान बढाउन, विभिन्न तहका सरोकारवालाबीच समन्वय बढाउन तथा समन्वयात्मकरूपमा कार्यनीति बनाई लागू गर्न सहयोग पुग्ने विश्वास सहभागीहरुले गरेका छन् ।